# बुटवल पावर कम्पनी लिमिटेड
## बुद्धनगर, बानेश्वर, काठमाण्डौ
## ३०औं वार्षिक साधारण सभाको कार्यवाही तथा निर्णयहरु

(क) **पृष्ठभूमि:**

यस बुटवल पावर कम्पनी लिमिटेडको ३०औं वार्षिक साधारण सभा मिति २०७९।०९।३० ( तद्नुसार जनवरी १४, २०२३) शनिवार दिनको ११:०० बजे कार्की ब्याङ्केट, बबरमहल, काठमाण्डौमा संचालक समितिका अध्यक्ष श्री पद्म ज्योतिज्यूको अध्यक्षतामा बस्यो ।

संचालक समितिका अध्यक्ष एवं सदस्यहरु, शेयरधनीहरु, कम्पनीका पदाधिकारीहरु, पर्यवेक्षक तथा आमन्त्रित सवै महानुभावहरुको आसन ग्रहण पश्चात् अध्यक्षज्यूको अनुमति लिई कम्पनी सचिवले ३०औं वार्षिक साधारण सभाको कार्यक्रम संचालन गर्नु भयो ।

(१) **सभा सम्बन्धी सूचना र प्रकाशन :**

३०औं वार्षिक साधारण सभाको सूचना र छलफल हुने प्रस्तावहरुको सूची तथा कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको संक्षिप्त आर्थिक प्रतिवेदन शेयरधनीहरुको जानकारीका लागि मिति २०७९।९।८ गते नयापत्रिका राष्ट्रिय दैनिक र मिति २०७९।९।९ गते अन्नपूर्ण राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो । सो सूचना, संक्षिप्त आर्थिक विवरणहरु, संचालक समितिको प्रतिवेदन, आ.व. २०७८।७९ को वित्तिय विवरणहरु तथा वार्षिक प्रतिवेदन कम्पनीको वेभ साईट www.bpc.com.np मा समेत हेर्न तथा डाउनलोड गर्न मिल्ने व्यवस्था गरी शेयरधनीहरुलाई जानकारी समेत गरिएको थियो । ३०औं वार्षिक साधारण सभाको सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र वोर्ड, सिडिएस तथा क्लियरिङ लि. तथा नेपाल स्टक एक्सचेन्ज लि.मा समेत जानकारी गराइएको थियो ।

(२) **उपस्थिति:**

अ) **संचालक समिति:**

| | |
|---|---|
| १. श्री पद्म ज्योति | अध्यक्ष |
| २. श्री प्रदीप कुमार श्रेष्ठ | संचालक |
| ३. श्री विजय कृष्ण श्रेष्ठ | संचालक |
| ४. श्री ओम प्रकाश श्रेष्ठ | संचालक |
| ५. श्री राजु महर्जन | संचालक |
| ६. डा. सन्दीप शाह | संचालक |
| ७. श्री दिनेश हुँमागाई | संचालक |
| ८. श्री तिर्थमान शाक्य | स्वतन्त्र संचालक |
| ९. श्री विजय बहादुर श्रेष्ठ | वैकल्पिक संचालक |
| १०.श्री हरि ब. बुढाथोकी | कम्पनी सचिव |

आ) **व्यवस्थापन:**

| | |
|---|---|
| १. श्री उत्तर कुमार श्रेष्ठ | प्रमुख कार्यकारी अधिकृत |
| ३. श्री राधेश्याम श्रेष्ठ | भाईस प्रेसिडेण्ट- वित्त |

| | |
|---|---|
| ४. श्री टीकाराम भट्ट | भाईस प्रेसिडेण्ट- कर्पोरेट |
| ५. श्री प्रतिक मान सिंह प्रधान | भाईस प्रेसिडेण्ट- आयोजना तथा व्यवसाय विकास |
| ६. श्री प्रकाश कुमार श्रेष्ठ | भाईस प्रेसिडेण्ट-संचालन |
| ७. श्री गणेश प्रसाद खनाल | प्रमुख प्रवन्धक- आयोजना तथा व्यवसाय विकास |

इ) **शेयरधनीहरु:**

साधारण सभामा शेयर दाखिल खारेज बन्द हुँदाको मितिमा कायम कुल शेयरधनीहरु मध्ये ४०८ जना (संस्थागत शेयरधनी समेत) शेयरधनीहरुको उपस्थिति रहेको थियो ।

## (ख) गणपूरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व:

जम्मा शेयर संख्या ३,२४,६३,२६८ कित्ता मध्ये २,१८,२५,०७६ कित्ता (६७%) को प्रतिनिधित्व हुने गरी कुल ७०,९८७ शेयरधनीहरु मध्ये ४०८ शेयरधनीहरु (१%) उपस्थित रहनु भएकोले सभाको कार्यवाही संचालनका लागि कम्पनी ऐन वमोजिम गणपुरक संख्या पुगेको थियो ।

## (ग) सभाको वैधानिकता:

शेयरधनीहरुले कम्पनीको ३०औं वार्षिक साधारण सभाका लागि गणपूरक संख्या पुगेको र सभा रितपूर्वक बोलाईएको ठहर गरी सो सभामा छलफल हुने प्रस्तावहरुको सूची छलफल तथा निणर्यका लागि स्वीकृत भयो । सोही अनुसार अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले सभाको कार्यवाही अगाडि बढाउनु भयो ।

## (घ) सभाको संचालन तथा प्रतिवेदनको प्रस्तुति:

संचालक समितिका अध्यक्ष श्री पद्म ज्योतिज्यूले संचालक समितिको प्रतिवेदन साधारण सभा समक्ष प्रस्तुत गर्नु भयो । सो पश्चात् अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले संचालक समितिको प्रतिवेदन तथा कम्पनीको वित्तिय विवरण लगायतका प्रस्तावहरुको सूचीमा समावेश भएका विषयहरुमा छलफल गर्नका लागि शेयरधनीहरुलाई अनुरोध गर्नु भएको थियो ।

छलफलका क्रममा शेयरधनीहरु श्री गुणराज भट्ट, श्री ध्रुवराज न्यौपाने, श्री राकेश गुरागाँई, श्री सूर्य बहादुर खड्काले संचालक समितिको प्रतिवेदन तथा वित्तिय विवरणहरुका सम्बन्धमा छलफलमा भाग लिनुभएको थियो । त्यसै गरी शेयधनहरु श्री सुदीप श्रेष्ठ, श्री चन्द्रनारायण श्रेष्ठ, श्री उद्धव प्रसाद घिमिरे, श्री कृष्ण प्रसाद अधिकारी, श्री उत्तम पाठक र श्री लवराज जोशीले लिखितरुपमा आफ्ना टिप्पणी तथा जिज्ञासाहरु राख्नु भएको थियो । सभामा भागलिने तथा लिखितरुपमा सुझाव, टिप्पणी तथा जिज्ञासा राख्ने शेयधनीहरुको सुझाव, टिप्पणी तथा जिज्ञासाहरु निम्न वमोजिम रहेको थियो ।

- कम्पनीको वार्षिक साधारण सभा ढिला गर्दा अन्य कम्पनीको सभाको मितिसंग जुध्ने भएका कारण आगामी वर्ष देखी वार्षिक साधारण सभा पौष १५ भित्रै गर्न उपयुक्त हुने ।
- कम्पनीको इपीएस घट्दै गएको देखिएको छ । तथापि शेयरधनीलाई नगद लाभांश तथा बोनस शेयर समेत गरी १२.५% लाभांश वितरणका लागि संचालक समितिले प्रस्ताव पेश गरेर सुझवुझ देखाएको हुँदा यसले शेयरधनीहरुलाई खुसी बनाएको छ । कम्पनीको

आम्दानी बढाउने तर्फ ध्यान दिन आवश्यक छ । अर्को वर्ष कम्पनीले कम्तीमा १५% वोनस शेयर वितरण गर्न सकोस् ।

- विश्वव्यापी आर्थिक मन्दी आउने संकेत देखिएको सन्दर्भमा शेयरधनीहरुले धैर्यता राख्नुपर्ने अवस्था आउन सक्छ । कम्पनीले विभिन्न आयोजनाहरुमा लगानी गर्नुपर्ने आवश्यकता रहेको छ । आगामी वर्षमा कम्पनीले शेयरधनीहरुलाई नगद लाभांश भन्दा पनि बोनस शेयर वितरणमा जोड दिनु उपयुक्त हुन्छ ।
- मानव संशाधनलाई चुस्तदुरुस्त राख्न, राम्रा तथा योग्य कर्मचारीहरुलाई निरन्तर कम्पनीको सेवामा रहने वातावरण तयार गर्न, स्वस्थ्य सुरक्षाको वातावरण कायम राख्न तथा राम्रो कार्यसंपादन परिणामहरु दिन सक्ने कर्मचारीहरुलाई राम्रो सेवा सुविधाहरु दिनु उपयुक्त हुने ।
- कर्मचारीहरुसंग सामुहिक सौदावाजी सम्झौता गरेकोमा के कस्ता विषयमा सम्झौता भएका हुन् ?
- कम्पनीले उर्जा उद्योग तथा व्यापारको कार्य गर्दै आएको छ, तर कम्पनीको उर्जानै कमजोर जस्तो देखिएको छ । उर्जामा लामो इतिहास बोकेको कम्पनी भएको हुनाले कम्पनी भित्रै रहेका दक्षताको उपयोग समुचितरुपमा भएनकि भन्ने आभाष हुन्छ । कम्पनीले दृढ संकल्प गरेर अघि बढ्नुपर्‍यो । वार्षिक प्रतिवेदनको प्रस्तुती राम्रो छ, तर कम्पनीले शेयरधनीहरुलाई देखाउनुपर्ने परिणामहरु सन्तोषजनक देखिदैन ।
- खिम्ती प्रथम आयोजनाको स्वामित्वको ५०% हिस्सा २०२० मा नेपाल विद्युत प्राधिकरणमा जाने थाह पहिलानै भएको र सो को प्रभावलाई न्यून गर्न नयाँ आयोजनाहरु बनाउनु पर्नेमा त्यसतर्फ समुचित ध्यान पुग्न नसकेको हो कि ?
- आयोजनाहरुको सम्बन्धमा कम्पनीले आफू २०% र विदेशी साझेदारहरुको ८०% स्वामित्वमा रहने गरी मर्स्याङदी क्यासकेड आयोजनाहरुको निर्माणका बाध्यात्मक अवस्था थिएन कि । शेयरलगानी गर्नका लागि कम्पनीका आफ्ना शेयरधनीहरु थिए र अन्य सर्वसाधारणवाट समेत लगानी जुटाउन सकिन्थ्यो । देश भित्रै लगानीको सहज अवस्था थियो ।
- झिमरुक तथा आँधिखोला विद्युत केन्द्रको क्षमता विस्तार गर्न सकिने अवस्था भए त्यसतर्फ ध्यान दिनु उपयुक्त हुन्छ । झिमरुकमा सधै वालुवाको समस्याले गर्दा प्रत्येक वर्ष मर्मत संभार गर्नु पर्ने बाध्यात्मक अवस्था देखिएको छ । यसको निराकरणका लागि सो केन्द्र भन्दा माथीका क्षेत्रहरुमा जलाशययुक्त आयोजनाहरु बनाउन सकिन्छ कि भन्ने तर्फ ध्यान दिनु पर्‍यो । त्यसैगरी आसपासको साना नदीहरुमा अन्य आयोजनाहरु बनाउन सक्ने संभावना छ । कम्पनीले यस विषयमा ध्यान दिनुपर्‍यो ।
- कावेली ए आयोजना प्रस्तावित तमोर जलाशय आयोजनाको कारण प्रभावित भयो भन्ने सुनिन्छ । यस आयोजनमा करोडौं लगानी भई सकेको छ । यस आयोजनाको विषय के भईरहेको छ?

शेयरधनीहरुवाट प्राप्त सल्लाह सुझावका लागि अध्यक्षज्यूले धन्यवाद तथा आभार व्यक्त गर्नु भयो । शेयरधनीहरुले बाहिरवाट कम्पनीको विषयमा हेरेर तथा वजारका अनुभवहरु समेतका आधारमा सुझाव दिने गर्नु भएको छ । यसले कम्पनीलाई फाइदा पुग्नेछ भन्दै अध्यक्षज्यूले शेयरधनीहरुका जिज्ञासा तथा टिप्पणीका विषयमा निम्न वमोजिम स्पष्ट पार्नु भयो ।

- प्रस्तुत वार्षिक साधारण सभा प्राविधिक कारणवस ढिला हुन गएको हो । आगामी वर्षहरुमा वार्षिक साधारण सभा छिट्टै सम्पन्न गर्ने व्यवस्था मिलाइने छ ।

- कम्पनीको आम्दानी बढाउने तर्फ ध्यान दिदै आएको हो । विद्युत वितरण व्यवसायमा सोचेजस्तो गर्न सकिएको छैन । यो व्यवसाय पहिला देखीनै घाटामा चल्दै आएकोछ । जहाँसम्म खिम्ती प्रथम आयोजनाको स्वामित्वको हस्तान्तरणको प्रभावलाई सम्बोधन गर्न काम भएनकि भन्ने जिज्ञासाका विषयमा कम्पनीले न्यादी र कावेली ए आयोजनाहरुको निर्माण सोही प्रभावलाई सम्बोधन गर्नका लागि गरेको थियो । न्यादी आयोजना अहिले संचालनमा आएको छ । कावेली ए आयोजनाको निर्माण रोकिएको छ र अव स्थानीयरुपमा लगानी जुटाएर अघि बढ्ने तर्फ आवश्यक कार्य भईरहेको छ । मर्स्याङदी क्यासकेड आयोजनाहरु तीन वर्ष अघिनै निर्माण शुरु गर्ने योजना सहित अघि बढेकोमा विद्यमान नीति, नियम तथा प्रक्रियाहरुका कारण ढिलाई हुन गएको छ । नेपाल विद्युत प्राधिकरणसंगको सम्झौता मुताविक हालसम्म खिम्ती प्रथमको स्वामित्व हस्तान्तरणको कार्य पुरा भएको छैन । यसले पनि कम्पनीको लाभांश आम्दानीमा असर गरेकोछ ।
- मर्स्याङदी क्यासकेड आयोजनाहरुका विषयमा कम्पनीको वासलाततलाई ध्यानमा राखी अध्ययन विश्लेषण गरी हाम्रो क्षमता अनुसार २०% शेयरमा हिस्सा हुने गरी चिनिया लगानीकर्ताहरुसंग साझेदारी गरिएको हो । शेयरधनीहरुवाट स्थानीयरुपमा लगानीको प्रवन्ध गर्न सकिने भन्ने सुझावलाई आगामी दिनहरुमा ध्यान दिइनेछ ।
- आँधिखोला र झिमरुक विद्युत केन्द्रहरुको क्षमता विस्तारका विषयमा यस अघिनै आँधिखोला विद्युत केन्द्रको क्षमता विस्तार गरिसकिएको छ । झिमरुकको हकमा क्षमता विस्तार भन्दा पनि यस आयोजनाले भोगिरहेको वालुवाको समस्या समाधानका लागि उपायहरु खोजी भईरहेको छ । शेयरधनीले यस सम्बन्धमा दिएका सुझावका विषयमा कम्पनी जानकारनै छ ।
- कर्मचारीहरुसंग भएको सामुहिक सौदावाजीको सम्झौता एक नियमित विषय हो । यसमा विश्वव्यापी मान्यता तथा देशको कानून नियमको परिधी भित्रै रहेर कर्मचारीका माग विषयमा सामान्यतय: प्रत्येक दुई वर्षमा यस्ता प्रकारका सम्झौताहरु गर्ने गरिएको छ । कम्पनीमा कर्मचारीका विषयमा राम्रो तथा व्यवस्थित नियमावली बनाएर लागुगरिएको छ । नयाँ भर्ना हुने कर्मचारीहरुको सामाजिक सुरक्षा कोषको व्यवस्था लागु गरिएको छ । पुरानाको हकमा साविककै व्यवस्था वमोजिम संचय कोष, उपदान लगायतका सामाजिक सुरक्षाका सुविधाहरु श्रम कानूनले तोकेको मापदण्डहरु पालना गर्दै प्रदान गरिएको छ ।

शेयरधनीहरुबाट उठाइएका जिज्ञासा तथा प्रश्नहरुका सम्वन्धमा स्पष्ट पार्ने कार्य सकिएपछि अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले साधारण सभाको विषयसूचीमा उल्लेख भए वमोजिम प्रस्तावहरु निर्णयार्थ सभामा पेश गर्नु भयो ।

(ङ) <u>निर्णयहरु:</u>

(क) **सामान्य प्रस्तावहरु:**

(१) संचालक समितिको तर्फवाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको वार्षिक प्रतिवेदन सर्वसम्मतिबाट पारित भयो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७८।७९ को वित्तिय विवरणहरु सर्वसम्मतिवाट पारित भयो ।

(३) लेखापरीक्षण समितिका अध्यक्ष श्री प्रदीप कुमार श्रेष्ठले श्री जोशी एण्ड भण्डारी, चार्टर्ड एकाउन्टेन्ट्स, काठमाण्डौलाई आ.व. २०७९।८० को वित्तिय लेखापरीक्षण, कर लेखापरीक्षण तथा कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानून अनुसार आवश्यक पर्ने प्रमाणिकरण लगायतका कार्य गर्नका लागि कम्पनीको लेखापरीक्षकमा नियुक्त गर्न र सो कार्यको लागि निजको सेवा शूल्क रु ४,२०,००० (चार लाख वीस हजार रुपैयाँ) मुल्य अभिवृद्धि कर, वाह्य भत्ता तथा यातायात खर्च बाहेक (Excluding of VAT, out-station allowance and travel expenses) निर्धारण गर्नका लागि लेखापरीक्षण समितिले सिफारिस गरे अनुसार आ.व. २०७९।८० को लेखापरीक्षक नियुक्त गर्न तथा निजको सेवा शूल्क निर्धारण गर्न प्रस्ताव पेश गर्नु भयो र सो प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित भयो ।

(४) कम्पनीको ३०औं वार्षिक साधारण सभाको निमित्त शेयर दाखिल खारेज बन्द भएको मिति भन्दा अघिल्लो दिनमा कायम शेयरधनीहरुलाई आ.व. २०७८।७९ को खुद मूनाफावाट चुक्ता पूँजीको ७.५ (सात दशमलव पाँच) प्रतिशत नगद लाभांश वितरण गर्ने र सो क्रममा बोनस शेयर राउण्ड अफ गर्दा हुने समायोजनलाई समेत गणना गरी वितरण गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

(५) कम्पनीको स्वतन्त्र संचालक पदमा हाल स्वतन्त्र संचालकको रुपमा रहनु भएका श्री तिर्थमान शाक्यलाई पूनः स्वतन्त्र संचालकमा नियुक्त गर्न संचालक समितिले पेश गरेको प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

(६) सर्वसाधारण शेयरधनीहरुको तर्फवाट प्रतिनिधित्व गर्ने एक जना महिला सहित दुई संचालकको पदको निर्वाचनका लागि संचालक समितिले अधिवक्ता श्री संजीव लामालाई निर्वाचन अधिकृत नियुक्त गरि निर्वाचनको प्रक्रिया अगाडि बढाएको थियो । कम्पनी सचिवले निर्वाचनको परिणामाको घोषणा गरिदिनका लागि निर्वाचन अधिकृतलाई अनुरोध गर्नु भयो । निर्वाचन अधिकृतले मिति २०७९।९।२२ गते निर्वाचन कार्यक्रम प्रकाशित गरेकोमा उमेद्वारी दर्ता गर्ने महिला संचालकको पदमा शेयरधनी श्री विना राणा र अर्को संचालकको पदमा शेयरधनी श्री दिनेश हुँमागाईको मात्र उमेद्वारी पर्न आएको हुँदा शेयरधनीहरु श्री विना राणा र श्री दिनेश हुँमागाई सर्वसाधारण शेयरधनीहरुको समूह ग को प्रतिनिधित्व गर्ने संचालक पद दुईमा निर्विरोध निर्वाचित हुनु भएको घोषणा गर्नु भयो । साथै, निर्वाचित संचालकलाई बधाई तथा सफल कार्यकालको शुभकामना दिनु भयो । सभाबाट निर्वाचन अधिकृतले घोषणा गरे अनुरुप श्री विना राणा र श्री दिनेश हुमागाँईलाई संचालक नियुक्त गर्ने निर्णय भयो ।

**(ख) विशेष प्रस्तावहरुः**

(१) बोनस शेयर (फ्याक्सनलाई समेत राउण्ड अफ गरी) जारी गर्ने प्रयोजनका लागि कम्पनीको हालको चुक्ता पूँजी बृद्धि गरी रु. ३,४०,९०,६४,६०० पुऱ्याउने र सो प्रयोजनका लागि कम्पनीको प्रवन्धपत्रको दफा ५(ख) मा निम्न वमोजिम संशोधन गर्ने विशेष प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

"५ कम्पनीको शेयरपूँजी:
(ख) कम्पनीको जारी पूँजी रु. ३,४०,९०,६४,६०० (तीन अरव चालिस करोड नब्बे लाख चौसठ्ठी हजार छ सय रुपैयाँ) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १०० का दरका ३,४०,९०,६४६ कित्ता साधारण शेयरमा विभाजन गरिनेछ ।"

यसको तीन महले प्रस्ताव तथा संशोधित व्यवस्था अनुसूची १ र अनुसूची २ मा संलग्न रहेको छ । साथै, उक्त पारित विशेष प्रस्तावहरु कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख गर्दा वा नियमक निकायको निर्देशन वमोजिम कुनै हेरफेर गर्न पर्ने भएमा आवश्य हेरफेर तथा शंशोधन तथा अभिलेख समेतको कार्य गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने सर्वसम्मतिले पारित गऱ्यो ।

(२) कम्पनीको ३०औं वार्षिक साधारण सभाको निमित्त शेयर दाखिल खारेज बन्द भएको मिति भन्दा अघिल्लो दिनमा कायम शेयरधनीहरुलाई आ.व. २०७८।७९ को मुनाफा तथा संचित मुनाफा (लाभांश आम्दानीको हिस्सा) वाट चुक्ता पूँजीको ५% (पाँच प्रतिशत) बोनस शेयर जारी गर्ने र सो गर्दा बोनस शेयरको संख्यामा आउने दशमलव पछिको अंकलाई राउण्ड अफ गरी नगद लाभांशमा समायोजन गरी वितरण गर्ने विशेष प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

(३) कम्पनीले आ.व. २०७८।७९ मा विभिन्न व्यक्तिहरुलाई दिएको आर्थिक सहयोग रकम रु.२,५२,८२० अनुमोदन गर्ने विशेष प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

(ग) **विविध:**
विविध शिर्षक अर्न्तगत छलफल तथा निर्णय गर्नु पर्ने कुनै प्रस्ताव नभएको हुँदा सो शिर्षकमा कुनै निर्णय भएन ।

(छ) **सभा विसर्जन:**
साधारण सभाको निर्धारित विषयसूची अनुसार छलफल तथा निर्णयहरु भएको हुँदा कम्पनी सचिवले ३०औं वार्षिक साधारण सभा अन्त्य भएको घोषणा गर्दै सभा विसर्जनको लागि अध्यक्षज्यूलाई अनुरोध गर्नु भयो ।

अध्यक्षज्यूले कम्पनीको ३०औं वार्षिक साधारण सभामा सहभागी भई सभालाई सूचारु रुपमा सम्पन्न गर्न गराउन सहयोग पुऱ्याउने सबै शेयरधनीहरु, संचालक समितिका सहकर्मि सदस्यहरु, व्यवस्थापक तथा कर्मचारीहरु, शेयर रजिष्ट्रार, आमन्त्रित व्यक्तित्वहरु, तथा कम्पनीको प्रगतिमा प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्ने अन्य सम्वद्ध सबैलाई धन्यवाद ज्ञापन गर्नु भयो । उहाँले साधारण सभावाट नियुक्त तथा निर्वाचित स्वतन्त्र संचालक तथा संचालकहरुलाई स्वगत गर्दै आफ्नो कार्यकाल पुरा गरी विदा हुनुभएका संचालक डा. सन्दीप शाहलाई संचालककोरुपमा संचालक समितिमा र सो अर्न्तगतका समितिहरुमा रहेर कम्पनीलाई दिनुभएको योगदानकालागि धन्यवाद ज्ञापन गर्नुभयो । साथै डा. शाहले कम्पनीलाई आवश्यकता परेको समयमा व्यवसायिक व्यक्तिकोरुपमा आगामी दिनहरुमा सल्लाह तथा सहयोग सधै गर्ने बचनबद्धता प्रकट गरेर विदा हुनुभएको स्मरण गर्दै अध्यक्षज्यूले उहाँको व्यवसायिक जिवनको सफलता तथा सुस्वास्थ्यको कामना गर्नु भयो ।

अध्यक्षज्यूले शेयरधनीहरुले संचालक समिति प्रति देखाएको विश्वास र सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्दै ३०औं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नु भयो । सो साधारण सभा दिनको १२.३५ बजे विसर्जन भएको थियो ।

(पद्म ज्योति)
अध्यक्ष

(हरि ब.बुढाथोकी)
कम्पनी सचिव

## अनुसूची १
## बुटवल पावर कम्पनी लि.
## प्रवन्धपत्र संशोधनको तीन महले विशेष प्रस्ताव (पारित मिति २०७९।९।३०)

| हालको व्यवस्था | संशोधित व्यवस्था | संशोधनको कारण |
|---|---|---|
| ५ कम्पनीको शेयरपूँजी:<br>(ख) कम्पनीको जारी पूँजी रु. ३,२४,६३,२६,८०० (तीन अरव चौविस करोड त्रिसठ्ठी लाख छब्बीस हजार आठ सय रुपैयाँ) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १०० का दरका ३,२४,६३,२६८ कित्ता साधारण शेयरमा विभाजन गरिनेछ । | ५ कम्पनीको शेयरपूँजी:<br>(ख) कम्पनीको जारी पूँजी रु. ३,४०,९०,६४,६०० (तीन अरव चालिस करोड नब्वे लाख चौसठ्ठी हजार छ सय रुपैयाँ) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १०० का दरका ३,४०,९०,६४६ कित्ता साधारण शेयरमा विभाजन गरिनेछ । | बोनस शेयर जारी गर्नका लागि पूँजी बृद्धि गर्न बान्छनीय भएको । |

अनुसूची २
बुटवल पावर कम्पनी लि.

प्रवन्धपत्रमा संशोधन (पारित मिति २०७९।९।३०)

१. प्रवन्धपत्रको दफा ५(ख) लाई संशोधन गरी देहाय वमोजिम दफा ५(ख) राखिएको छ ।

"५ कम्पनीको शेयरपूँजी:
(ख) कम्पनीको जारी पूँजी रु. ३,४०,९०,६४,६०० (तीन अरव चालिस करोड नब्बे लाख चौसठ्ठी हजार छ सय रुपैयाँ) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १०० का दरका ३,४०,९०,६४६ कित्ता साधारण शेयरमा विभाजन गरिनेछ ।